# नयाँ सन्दर्भ साप्ताहिक

**Naya Sandarbha Weekly**

वर्ष : २५ | अंक : २४ | पृष्ठ ६ | भद्रपुर | वि.सं. २०७७ माघ ११ *(January 24, 2021)* | नेपाल सम्वत ११४१ | मुल्य : रु.१०।-



**सबैको रोजाई**

मेची अञ्चल मै एक मात्र
सबै रोगहरुको भरपर्दो उपचारका लागि
अत्याधुनिक उपकरण जडित
विश्वसनीय चिकित्सकहरु भएको
चिकित्सा प्रतिष्ठान
अध्यक्ष : गोपालकुमार बस्नेत

**विर्तासिटी हस्पिटल**
विर्तामोड, झापा


### कम्युनिष्ट पार्टीका धेरै नेता

# देशद्रोही र राष्ट्रघाती : सिटौला

**– सन्दर्भ समाचारदाता**

विर्तामोड । नेपाली कांग्रेसका पूर्व महामन्त्री कृष्णप्रसाद सिटौलाले कम्युनिष्ट पार्टीका धेरै नेता देशद्रोही र राष्ट्रघाती देखिएको बताएका छन् । नेपाली कांग्रेस झापाको आयोजनामा शुक्रबार जिलूला पार्टी कार्यालयमा आयोजित अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै नेता सिटौलाले वर्तमान प्रधानमन्त्री के.पी. ओलीको तीनबर्षे कार्यकाल देश र जनताको हितमा नरहेको बताए ।

'के.पी. ओलीको सम्पूर्ण शक्ति पार्टीको र आफ्नै गिरोहको हितमा मात्रै खर्च भएको छ'-नेता सिटौलाले भने-'उहाँमा नैतिकताको सीमा छैन, कानूनको अधिनमा हुनुहुन्न, संविधानको बन्देजमा हुनुहुन्न देश र जनताको हितमा काम गर्नुभएको छैन, आफ्नो पार्टी र पार्टीभित्र पनि आफ्नै गिरोहको पक्षमा मात्रै काम गरेको देखिन्छ ।' कम्युनिष्ट पार्टीभित्रको विवादको सनकमा ओलीले संसद विगठन गरेको र यसले संविधानको 'फण्डामेन्टल'मा नै भ्वाङ पारेको नेता सिटौलाले बताए । प्रधानमन्त्रीको बोलीमा नम्रता, सिष्टता, कर्णप्रियता नरहेको उलूलेख गर्दै नेता सिटौलाले ओलीको दम्भले देश र जनताले दुःख पाएको बताए ।

संविधान निर्माणका क्रममा संविधानका मस्यौदाकार समेत रहेका नेता सिटौलाले भने,-'विगतको अभ्यासमा संसद विगठनले राजनीतिक दुर्घटना निम्त्यायो, अस्थिरता सिर्जना भयो, यही अभ्यासका आधारमा संविधानमा संसदको सवीच्चता ब्यवस्था गरिएको हो ।' पटक-पटकको अभ्यासमा पनि संसदले बहुमतको



प्रधानमन्त्री चुन्न नसकेको अवस्थामा स्वतः संसद विगठन हुने ब्यवस्था संविधानमा उलूलेख रहेको स्पष्ट पार्दै नेता सिटौलाले संसद फेस नै नगरी संसद विगठन गर्नु प्रधानमन्त्रीको असंवैधानिक कदम रहेको टिप्पणी गरे ।

कार्यपालिका, न्यायपालिका र ब्यवस्थापिकाको शक्ति सन्तुलन कायम राख्दै न्यायालयलाई निस्पक्ष र तटस्थ राख्न संविधान निर्माणकै क्रममा तत्कालीन प्रधानन्यायधीससहित ५ जना न्यायधीससँग परामर्श गरेरै संविधान निर्माण गरिएको जानकारी दिदै नेता सिटौलाले सवीच्च अदालतले संविधानको रक्षा गर्ने विश्वास समेत ब्यक्त गरे । 'सवीच्चले संसद विगठनको पक्षमा निर्णय दिए र ाजनीतिक अस्थिरता निम्तिन्छ,'-नेता सिटौलाले भने-'सवीच्चले सरकारको अघि घुँडा टेक्यो भने अरु कुनै संवैधानिक निकायले निश्पक्ष काम गर्न सक्दैनन् ।'

नेपाली कांग्रेस हार्दा आत्तिने र जित्दा मात्तिने पार्टी नभएको स्पष्ट पार्दै नेता सिटौलाले भने-'कांग्रेसले सबैलाई राजनीतिक मूलूय, मान्यता, लोकतान्त्रिक पद्धति, विधिको शासनमा हिडाउँछ, कांग्रेस लोकतान्त्रिक पद्धतिको संस्थागत विकासकै लागि संघर्षरत छ ।'

कांग्रेसका अगुवा कार्यकर्ताको उलूलेख्य उपस्थिति रहेको कार्यक्रममा कांग्रेस केन्द्रीय सदस्य तथा पूर्व मन्त्री केशवकुमार बुढाथोकीले च्यातिएको र मिचिएको संविधान लिएर कांग्रेस चुनावमा नजाने स्पष्ट पार्दै संविधानलाई ट्र्याकमा लूयाएर मात्रै चुनावमा जाने बताए ।

सवीच्च अदालतले समयमै फैसला नदिए र निर्वाचन आयोगले समयमा चुनाव चिन्ह नदिए चुनाव हुन नसक्ने बताउँदै नेता बुढाथोकीले निर्वाचन नभए मुलुक अँध्यारो सुरुङमा फस्ने धारणा राखे ।

नेपाली कांग्रेस केन्द्रीय सदस्य तथा पूर्व राज्य मन्त्री सरिता प्रसाईले कम्युनिष्ट नेतृत्वको सरकारलाई म्यान्डेट बाहिर नजान संसदमार्फत नै पटक-पटक सुझाएको बताउँदै ओलीको दम्भले देशलाई दुर्घटनामा पुर्‍याएको धारणा राखिन ।

नेपाली कांग्रेस झापाका उपसभापति राम कट्टेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा केन्द्रीय सदस्य सुधिरकुमार शिवाकोटी, सुनसरी जिलूला सभापति राजीव कोइराला, १ नं प्रदेशका कांग्रेस संसदीय दलका सचेतक केदार कार्की, सांसद लोकप्रसाद संग्रौला, ओम सरावगी, पूर्व सांसद डिलूली सिटौला, विश्वदीप लिङ्देन लगायत अग्रज नेता कार्यकर्ताको उलूलेख्य उपस्थिति रहेको थियो । नेपाली कांग्रेस झापाका सचिव ताराविर कटुवालले सञ्चालन गर्नुभएको कार्यक्रममा स्वागत सचिव प्रेम सम्बाहाम्फेले गरेका थिए ।

### पहिचानको संकट

# अर्थोडक्स चिया : विदेशमा उच्च माग

**–किरण पौड्याल**

इलाम । नेपालको पहाडी क्षेत्रमा उत्पादित अथीडक्स चिया विश्वभर उच्च गुणस्तरीय मानिन्छ। विश्वबजारमा गुणस्तरीय मानिने भारतको दार्जिलिङ र कलकत्ताको अथीडक्सभन्दा नेपालको चिया उच्च गुणस्तरीय भएको दाबी गरिन्छ । यही लोकप्रियताले पश्चिमा मानिन्छ तर एकातिर गुणस्तरीय र अर्कातिर स्वदेशी उत्पादन भए पनि नेपालमै पहिचान बनाउन नसक्नु लज्जास्पद देखिन्छ । भारतले नेपाली चियालाई 'गुणस्तरहीन' भन्दा पनि भारतमै चिया बेच्नुपर्ने बाध्यता छ तर नेपाली बजारमा चिया पुर्‍याउन अहिलेसम्म कसरत भएकै देखिँदैन ।



मुलुकमा नेपाली चियाको माग उच्च छ । नेपाली चियाको ठूलो हिस्सा खपत हुने भारतबाहेक अन्य तेस्रो मुलुकमा नेपाली चिया उच्च मूलूयमा बिक्छ । विश्वका कुनाकुना पुग्ने नेपाली चिया नेपालकै अधिकांश जिलूलामा अहिले पनि देखिँदैन ।

अथीडक्सलाई स्वास्थ्यबर्द्धक पन्ध्र प्रतिशत अथीडक्स मात्र नेपालमा खपत हुने गरेको तथ्याङ्कले देखाउँछ। बाँकी चिया भारतलगायतका अन्य मुलुकमा बिक्री हुन्छ । नेपालकै ठूलो जमातले तराईको सिटिसी (क्रस टियर क्रल) चिया पिउनुपर्ने बाध्यता छ । भारतले चियामा हेपाहा प्रवृत्ति देखाउँदा अथीडक्सले कि तेस्रो मुलुक कि आन्तरिक बजारमा खपत गराउनुपर्ने हो तर यस्तो प्रयास भएको छैन ।

तेस्रो मुलुकका लागि व्यक्तिगतरूपमा बिक्रेताले बजार विस्तार गरे पनि आन्तरिक बजार जस्ताको तस्तै छ । यसैले एकातिर गुणस्तरीय चिया कम मूलूयमा बेच्नुपर्ने बाध्यता छ भने कम गुणस्तरीय चिया नेपालमै बाहिरबाट भित्र्याउनुपर्ने स्थिति देखिन्छ ।

अहिले पनि धैरै नेपालीले अथीडक्स चियाको स्वादै नपाएको केन्द्रीय चिया सहकारी सङ्घ इलामका संस्थागत अध्यक्ष गोविन्द दाहाल बताउँछन् । सरकारी क्षेत्रबाट प्रवर्द्धनको काम कम र अथीडक्सको लागत बढी भएकाले नेपाली बजारमा नपुगेको दाहालको भनाइ छ । दाहालका अनुसार नेपाली बजार बिगार्न भारतबाट सस्तो मूलूयमा चिया लूयाएर नेपाली चिया खपत हुन नसक्ने स्थिति बनाइने गरेको छ । गुणस्तरीय भन्दै भारतबाट चिया भित्र्याउने र नेपाली चियालाई बाहिर पठाउने गरिनाले चियाको आन्तरिक बजार नबढेको उनको भनाइ छ ।उनले भने,"नियतवश यस्ता काम हुने गरेका छन् । यस्ता काम हुन दिएसम्म नेपाली बजार बलियो हुनै सक्दैन । दाहालले पछिलूलो समय भने आन्तरिक बजार बढाउन केही काम हुन थालेको बताए । सिटुसी बिजनेस (को-


**बाँकी पृष्ठ ४ मा**



**भद्रपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय**
**भद्रपुर (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।


### प्रजातन्त्रसित जोडिएका भद्रपुर पुस्तकालय

# बौद्धिक थलोभन्दा पिसाव गर्ने शौचालय बनेको छ

**–सन्दर्भ समचारदाता**

भद्रपुर । नेपालमा प्रजातन्त्र स्थापनाको उत्तरार्धमा जहानीया राणा साशनसंग प्रतिष्पर्धा गर्दै पूर्वी नेपालमा भैरवप्रसाद आचार्य गवर्नर रहेको पहिलो समानान्तर सरकार गठन भएको इतिहास छ । उक्त सरकारका शिक्षामन्त्री रहेका भाषाशास्त्री महानन्द सापकोटाको पहलमा नेपालमा प्रजातन्त्र स्थापना भएपछि २००८ सालमा स्थापना भएको देशकै प्राचीन पुस्तकालय भित्र पर्ने भद्रपुर पुस्तकालय पुस्तक पढ्ने थलो



भन्दा पिसाव गर्ने शौचालय बनेको यथार्थ छ । यस्तै हालत गौरीगञ्जमा रहेको पुस्तकालयको पनि छ । भद्रपुर पुस्तकालय भन्दा तीन वर्षपछि स्थापना भएको त्रिभुवन आदर्श पुस्तकालय गुमनाम जस्तै छ । यी दुई पुस्तकालय नमुना मात्र हुन् जो देशको परिचय भएर पनि आफ्नै अस्तित्व विलिन हुने चरणमा छन् ।

झण्डै ७० वर्षे ऐतिहासिक महत्व बोकेको भद्रपुर वार्डनं ६ स्थित भद्रपुर पुस्तकालय गुमनाम अवस्थामा छ। सात सालको जनक्रान्ति सफल भएपछि पूर्वी नेपालमा गठित पहिलो जनसरकारले २००८ सालमा स्थापना गरेको भद्रपुर पुस्तकालय विगतमा चर्चित रहे पनि हाल अस्तित्व गुमाएर संकटबाट गुज्रिरहेको छ । भौतिक तथा साधन स्रोतले सक्षम भए पनि पुस्तकालयप्रति अध्ययनमा रुची राख्ने नयाँ पुस्ता नभएका भन्दा पनि स्थानीय सरकारको उदासिनताले पुस्तकालय सुनसान भएको हो । आफ्नो आँखा अगाडी ऐतिहासिक महत्य बोकेको भद्रपुर पुस्तकालयमाथि स्थानीय सरकारले पटक्कै चासो नदेखाउनु दुखलाग्दो बिषय बनेको छ । भद्रपुर पुस्तकालय, पुस्तकालयमात्र नभएर, भद्रपुर नगरको गहना एवम् एउटा इतिहास हो । यस्तोमा स्थानीय सरकार आफ्नो क्षेत्रमा रहेका ऐतिहासिक महत्वका सम्पतिको समरक्षण प्रति उदासिन हुनु दुखदायी मान्नु पर्छ ।

यसै सन्दर्भमा, पुस्तकालयसंग पुरानो सम्बन्ध रहेका बर्तमान प्रदेश सभा सदश्य ओम प्रकाश सरावगीको भनाइ यस्तो छ , "भद्रपुर पुस्तकालयकको अहिलको अवस्था लथालिङ्ग र


**बाँकी पृष्ठ ४ मा**




**ए ! भद्रपुरमा पनि पुस्तकालय छ र?**


**अर्जुनधारा नगरपालिकाको कार्यालय**
**शनिश्चरे (झापा) प्रदेश नं. १ को**

**जनहितमा जारी सूचना**

- मिसावट गरिएका, सडेगलेका तथा अस्वास्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रुपमा चौपायाहरु नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी-किनारमा आवगमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रुपमा विकास गरौं ।

**रोश्नी ज्वेलर्स**
भद्रपुर-१० (बजार लाईन), चन्द्रगढी
प्रो. रञ्जु साह/ मुकेश साह
२४ क्यारेट
सम्पर्क : ९८६३६१४२७०
विना रसायन



**सुनगाभा सपिङ्ग सेन्टर**
भद्रपुर-१०, झापा
सेन्चुरी बैंक तल
०२३४५५९७२
निरज निरौला
९८५२६२०२७७
घर तथा अफिस डेकोरेसन तथा फर्निसिङ्ग सामाग्रीको थोक तथा खुद्रा विक्रेता



श्री ......................................................................................., ठेगाना ...........................................



# महाकाली नदी पारीको नेपाल: दोधारा-चाँदनी

दोधार-चाँदनी झोलुङ्गे पूल नेपालको सबैभन्दा लामो झोलुङ्गे पूल हो । जुन



कञ्चनपुर जिल्लास्थित महाकाली नदीमा रहेको छ। सो पूलले कञ्चनपुरको दोधारा र चा'दनीलाई जोडेको छ । दोधारा-चाँदनी झोलुङ्गे पूल दक्षिण एशियाको समेत दोस्रो लामो झोलुङ्गे पूल भएको बताइन्छ । जसको लम्बाई १ हजार ४५३ मिटर रहेको छ । उक्त पूलले महाकाली नदी पारी रहेको नेपाली भूमि दोधारा-चाँदनी अर्थात हालको महाकाली नगरपालिकालाई जोड्छ । महेन्द्रनगर बजारबाट नौ किलोमिटरको दूरीमा उक्त झोलुङ्गे पूल अवस्थित छ । हामी नेपालीहरु धेरैले अझै पनि पश्चिममा नेपाल-भारतको सीमा महाकाली नदीलाई मान्छौ । तर कञ्चनपुरसित सीमा जोडिएको क्षेत्रमा महाकाली नदीलाई पश्चिमतर्फको सीमाना भन्नुभयो भने त्यो अन्यथा हुन्छ । कारण कञ्चनपुरसित सीमा जोडिएको क्षेत्रमा महाकाली नदी पारी पनि नेपाली भूमि र नेपाली बस्तीहरु छन् ।

कञ्चनपुर जिल्लाकै प्रमुख पर्यटकीय स्थलका रुपमा रहेको झोलुङ्गे पूलमा वर्षेनी हजारौ स्थानीय र बाह्य पर्यटकहरु अवलोकन गर्न



आउने गरेको स्थानीयको भनाई छ । जिल्लाभरिकै आकर्षणको केन्द्रका रुपमा झोलुङ्गे पूल चिनिँदै आएको छ । पर्यटकको आगमन दिन प्रतिदिन बढ्दो छ। यसले कञ्चनपुर जिल्लाकै महिमा बढाएको छ ।

केही पर्यटकहरु पूलको अवलोकन गर्दै फोटोहरू लिँदै रमाइरहेको देख्न सकिन्छ भने कोही पर्यटकहरु नदी किनारामा पौडी खेल्दै आनन्द लिइरहेका भेटिन्छन् । तर अहिले पूलको दिगो संरक्षण तथा पुनर्निर्माण समयमा हुन नसक्दा र पूलमा पैदल, मोटरसाइकल तथा साइकल यात्रीहरुको क्षमताभन्दा बढीभार बढ्दै गएकाले पूल कमजोर बन्दै गएको छ ।

पूलमा कसिएका नटबल्टु र रडहरु खसेका देखिन्छन्, जालीहरु च्यातिएका छन्, पूलको धेरैजसो भागमा बिछ्याइएका पाताहरु टुटेका र चारैतिरका फलामे डोरी चुँडिन थालेका छन् । पूल मर्मतका लागि करोडौंको बजेट खर्च गर्दासमेत अवस्था परिवर्तन हुन नसक्नुले आन्तरिक तथा बाह्य पर्यटकमा नकारात्मक प्रभाव परेको देखिन्छ । स्थानीयहरु भन्छन्- झोलुङ्गे पूललाई आकर्षक र रमणीयस्थल बनाउन स्थानीय तहहरुले विभिन्न कदम चाल्ने आश्वासन देखाए पनि त्यसमा सार्थकता दिन सकेको पाइएको छैन ।

(पश्चिम नकेपालको भ्रमण पछि प्रशिक्षार्थी पत्रकार अभिजित दवाडीको अनुभव)

### कोभिड...

अब जनवरी ७ मा मेरो दोस्रो डोज लगाउनु पर्नेछ । अमेरिकामा कोभिड भ्याक्सिन अहिलेसम्म निःशुल्क लगाइएको छ । हामी कोभिड बिरामी हेर्ने भएकाले पहिलो प्राथमिकतामा राखेर नै भ्याक्सिन दिइएको छ । मेरा केही साथीहरुले भ्याक्सिन लगाएका छैनन् भन्ने सुनेको छु । आशा छ, सबैले छिट्टै लगाउनु हुनेछ ।

सुरुमा कोरोना भाइरसको नाम सुन्दा नै डर लाग्थ्यो । पछि अमेरिकामा पनि आयो। कोरोना भाइरसको उपचारमा खटिँदाका कति अनुभवहरु अहिले त धेरै बिर्सी सकें होला। कोरोना भाइरसको बारेमा धेरै थाहा थिएन। कोभिड कसरी सर्छ भन्ने बुझाइ पनि एउटै थिएन । कसैले टिबीजस्तो हावाबाट पनि सर्छ भन्थे । कसैले ड्रपलेटबाट मात्र सर्छ भन्ने कुरा पनि गरेकोले निकै अन्योल थियो र बेलाबेलामा नियम परिवर्तन भइरहन्थ्यो । बिरामी बढ्न थालेपछि पिपिई, मास्कको अभाव हुन थाल्यो । रुमाल बाँधेर भए पनि काम गरियो। केही समय त घरमा बनाएको मास्क पनि अस्पतालमा प्रयोग गर्न थाल्यौं ।

पहिलो दिन कोभिड वार्डमा ड्युटी परेपछि मैले श्रीमानलाई म्यासेज गरें, मेरो कोभिडमा ड्युटी पर्‍यो भनेर । उहाँले यस्तो बेलामा आफ्नो ज्यान जोखिममा पारेर अरुको सेवा गर्ने मौका सबैलाई प्राप्त हुँदैन भनेर रिप्लाई गर्नुभयो। तिम्रा लागि यो अलौकिक अवसर हो र तिम्रो पेसाले मागेको समय हो भन्नुहुन्थ्यो । त्यसपछि भने मेरो हिम्मत पनि बढ्यो । हुन त हामीलाई बिदा बस्ने विकल्प पनि थियो । तर एक न एक पटक त यो रोगको सामना गर्नु नै पर्छ, भागेर कहाँ जाने, कति भाग्ने भनेर बिदा बसिनँ। पहिलो दिन कोभिड वार्डमा ड्युटी गरेर आएपछि केही दिन त बच्चाहरुलाई नछोई अलग्गै बसेँ। केही काम पनि गरिनँ। सबै काम श्रीमानले गर्नुभयो ।

मेरो वार्डमा एउटा धेरै नै खोक्ने बिरामी परेको थियो । उसले खोक्दा आफ्नो कपाल नै हावाले हल्लिएको थाहा हुन्थ्यो। मुखबाट निस्किएका ड्रपलेट कपालभरि पर्‍यो होला जस्तो लाग्थ्यो । शरीरभरि कोभिड टाँसिएको छ कि जस्तो लाग्ने। कति बिरामी हुन्छन्, महामारीले कस्तो रुप लिन्छ भन्ने थाहा थिएन। अस्पतालहरुले पनि सबै कुरा व्यवस्थित गर्न सकेका थिएनन। ड्युटीमा ससाना कुराहरुमा समस्या हुन्थ्यो ।

नेपालबाट मम्मीले दिनहुँ रुँदै फोन गर्नुहुन्थ्यो । कोरोनाको बिरामी हेर्नुपरेको छ, के हुन्छ, कसो हुन्छ भनेर सोधिरहनुहुन्थ्यो । जतातत्तै डरको वातावरण थियो र त्यो स्वभाविक पनि थियो। अहिले त सबैलाई बानी परेको छ ।

अहिले फेरि कोरोना भाइरस नयाँ रुपमा देखा परेको कुरा आइरहेको छ । यही समयमा नेपालमा निर्वाचनको कुरा सुन्दा अर्को डर लागेको छ । सरकारले जति सक्दो छिटो खोप ल्याउने वातावरण बनाउनुपर्छ र महामारी नियन्त्रण गर्न थप गम्भीर हुनुपर्छ जस्तो लाग्छ । खोप आएपछि पहिलो कसले पाउने र कसरी पारदर्शी रुपमा दिने भन्ने कुरा सुनिश्चित गराउनुपर्छ । आशा गरौं, २०२१ साल शुभ रहोस र कोरोनाको कहर समाप्त होस । –साभार स्वास्थ्य खबर


मिस इन्टरनेशनल २०२० : सन्ध्या शर्मा

विद्यार्थी, शिक्षक, कर्मचारी
परिचय-पत्रको लागि
कम्प्युटर प्वाइन्ट चन्द्रगढी
भद्रपुर-७ (चन्द्रगढी), झापा
सम्पर्क : ०२३४५५७०६

## हेल्पिङ ह्याण्ड्सको संयोजनमा
# सुकुम्बासी बस्तीमा कपडा वितरण

– सन्दर्भ समाचारदाता

भद्रपुर । चन्द्रगढी स्थित हेल्पिङ ह्याण्ड्स र वीरेन्द्र नमूना क्याम्पसका विद्यार्थी गुडस्तर समूहको संयुक्त आयोजनामा भद्रपुर १० स्थित सुकुम्बासी बस्तीमा न्यानो कपडा वितरण गरिएको छ ।

भद्रपुर १० स्थित कलवलगुरीमा रहेका ५० घर सुकुम्बासी परिवारलाई जाडोबाट बचाउन सो समूहले न्यानो कपडा वितरण गरेको हो ।

कपडा वितरण कार्यक्रम वीरेन्द्र क्याम्पसका प्रमुख विवेक पोखरेलको अध्यक्षतामा सम्पन्न भएको थियो भने हेल्पिङ ह्याण्ड्सस संस्थापक कमल न्यौपाने ह्याण्ड्स भद्रपुर संयोजक सुवास सुवेदी, वीरेन्द्र क्याम्पसका प्राध्यापक जुनेस राउत, गायक तथा संगीतकार अर्जुन खरेल, भद्रपुर १० का वडा सदस्य तुलसी पोखरेल लगायतको उपस्थितिमा कार्यक्रम सम्पन्न गरिएको थियो ।






अर्गानिक चिया पिऔं, स्वास्थ्य जीवन जिऔं
ग्रिनहिल टी हाउस
अर्गानिक ग्रिन टी — ध्यू, छुर्पी
गोल्डेन टी — अकबरे खोर्सानी
ह्वाईट टी — किवि फल, ललीपप
अर्थोडक्स टी — ग्राउन एप्पल
हामी कहाँ यी सामग्री सुपथ मुल्यमा उपलब्ध छन्
सम्पर्क : ९८५२६४६४१०, ९८४२६४६४१०
उत्पादक : ग्रिनहिल अर्थोडक्स चिया प्रशोधन उद्योग, साखेजुङ-४, इलाम
















ओम साई पाथीभरा हस्पिटल प्रा.लि.
भद्रपुरमा अब थप नयाँ सेवासहित
❖ल्याप्रोकोपी सर्जरी सेवा ❖स्त्री तथा प्रसुति रोग विशेषज्ञ सेवा ❖नाक, कान तथा घाँटी रोग विशेषज्ञ सेवा :
❖फिजिउसियन विशेषज्ञ सेवा ❖दन्त रोग विशेषज्ञ सेवा :
❖डायलाईसिस सेवा र डायलाईसिस गर्नु पर्दा लगाईने फिस्टुला सेवा ❖ बाल तथा नवजात शिशुरोग विशेषज्ञ सेवा ❖ मानसिक तथा स्नायुरोग विशेषज्ञ सेवा ❖ छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ सेवा
❖ भिडियो एक्स-रे सेवा ❖ मुटुको ईसीजी तथा ईको कार्डियोग्राफी सेवा ❖ पेटको ईण्डोस्कोपी सेवा
फिजियोथेरापी सेवा ❖ एसी क्याबीन तथा जनरल क्याबीन रुम सेवा
चौबिसै घण्टे सेवा : इमरजेन्सी सेवा, सिटी स्क्यान सेवा, डिजिटल एक्स-रे सेवा, प्याथोलोजी (ल्याब) सेवा, फार्मेसी सेवा, एम्बुलेन्स सेवा
भद्रपुर-९, सगरमाथा चौक, झापा, फोन नं. : ०२३-४५६५८१, ४५६९८१ मो. नं. : ९८५२६७८८२०

नयाँ सन्दर्भ साप्ताहिक । प्रकाशक तथा सम्पादक : गोविन्द चन्द छेत्री ९८४२६३७०८४ । कार्यकारी सम्पादक : द्रोण अधिकारी ९८४२६२८७९१ । कार्यालय : भद्रपुर-८, झापा, ०२३५२००९३
सह-सम्पादक : विगम श्रेष्ठ ९८०४९१६३२१। कम्प्युटर:अलिसा श्रेष्ठ । वेनाम सुब्बा । Email : nayasandarva@gmail.com मुद्रण राजु अफसेट प्रिन्टीङ् प्रेस, बुद्धशान्ति

## सम्पादकीय

### नागरिकको खोजी छ सरकार सत्य उत्तर दिने कहिले हो ?

सार्वजनिक पद धारण गरेका व्यक्तिका भनाइ र दाबी कति सही छन् भनेर तथ्य जाँच गर्ने समय आइसकेको छ। प्रधानमन्त्रीकै तहबाट झूटो भनाइ स्थापित गर्ने प्रयास भइरहेको वर्तमान अवस्थामा अन्य पदीय दायित्व बोकेका सरकारवादी मान्छेका तथ्यमाथि टेकेर सही बोल्ने अभ्यास कसरी संभव होला ? आफ्नो एजेन्डा स्थापित गर्न देश कै प्रमुख कार्यकारी जिम्मेवारीमा रहेको व्यक्ति झुटको हतियार बनाउने शैलीमा उत्रनु नीति र विधिमाथिको प्रहार मान्नु पर्ने हुन्छ । सत्य असत्यको ख्याल नगरी आफ्नोअघि जम्मा भएका मान्छेले जे मन पराउँछन् त्यही बोल्ने र वाहवाही बटुल्ने शैली प्रधानमन्त्रीले अँगालेको देखिन्छ। त्यही शैलीबाट उनका अनुयायी नेताहरु पनि धेरथोर प्रभावित छन् । भीडले जे मन पराउँछन् त्यही बोल्ने शैलीले सधैं टिकिराख्न नसकिने तथ्य बुझेर झूटा कुराहरुको जाँच पडताल हुन सक्ने संभावना बुझेर भ्रमको खेती बढाइरहेका सरकारका मान्छेहरुको कार्यशैलीले प्रश्नका भारी वर्षाइ रहेको छ। देशको समस्या एकातिर सरकारी मान्छेको कार्यशैली अर्कातिर उल्टो गतिमा लाग्दा समस्याका चाङ लागेको हो । राजनीतिमा चतुर मानिएका केपी शर्मा ओली आफ्नै अहमले भारी जनमत थेग्न नसकेर संसद विघटनमा होमिए । त्यस गल्तिलाई उनी प्रचण्ड माधव समूहतिर दोष थुपार्न हरेक दिन झुटको खेती गर्न तल्लीन छन् । आफू एक्लैले प्रचण्ड माधव समूहमाथि हिलोले पुर्न नसक्ने भएपछि राज्य संयन्त्र दुरूपयोग गर्न विभिन्न प्रकाण्ड मच्चाइ रहेको अवस्था छ ।

देशमा विधिको शासन स्थापित होस् भन्ने चाहना जसले पनि राखेको हुन्छ। तथ्य बटारेर विधि र नीतिमाथि चोट प्रहार गर्ने परम्परा सहनु पनि हुँदैन। आज देशमा एउटा विचार, एउटा अवधारणा, एउटा समूह र एउटा राजनीतिक पार्टी मात्र छैन। नेपालमा बहुविचारको परिपाटी शताब्दियौंदेखि रहेको छ। पञ्चायतकालमा पनि यही परिपाटी थियो। त्यति बेला राजाको निर्दलीय व्यवस्थाले सत्तामा कब्जा जमाएको थियो र पनि पूरै समाजमा उसको पूरै नियन्त्रण थिएन। २०४६ को जनआन्दोलनपछि कांग्रेस र एमालेले सत्तामा जबर्जस्त कब्जा जमाएका थिए। उनीहरूले आफ्नो वृत्तमा जनमोर्चासहित कसैलाई पनि ढिम्किनै दिएका थिएनन्। संसदीय प्रजातन्त्रको त्यो संस्करणमा विद्रोहको नामै लिन निषेध गरिएको थियो। तर, त्यो स्थिति सदाकाल रहेन। राजनीतिक शक्तिहरू एकै ठाउँमा नबसी नहुने स्थिति उत्पन्न भयो। विभेद, दमन, झुटो प्रचार जस्ता शासकीय शैलीले राजनीतिक परिवर्तन रोक्न सकेन। वर्तमान प्रधानमन्त्री पनि परिवर्तित राजनीतिक व्यवस्थाबाट निर्वाचित शासक हुन्। उनी परम्परागत राजनीतिक शैलीका अनुयायी मात्र होइनन् तर, उनको कार्यशैली परिवर्तित राजनीतिक संस्कार अनुकुल छैन। यस गल्तिको बचाउ गर्न प्रधानमन्त्री ओली साम दाम दण्ड भेदको अस्त्र लिएर सडकसम्म कुर्लन व्यस्त हुनुले राज्यभित्र झुटको खेती रहेको प्रमाणित हुँदै छ।

२०६३/६४ मा राजतन्त्रको अवसानपछिको राजनीतिमा वामपन्थी नेताहरू लगातार हावी रहे पनि तिनका कार्यक्रमहरू किनारा लागेका छन्। संविधानसभा गठनको एक दशकपछि बल्लतल्ल बनेको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले पूर्ण कार्यान्वयनको मौकै पाएको छैन। संविधान जारी भए पनि यसले जनताको चित्त अलिकति पनि बुझाउन सकेको छैन। मुहार हँसाउने त कुरै नगरौं। पूर्ण रूपमा कार्यान्वयन भइनसकेको संविधानको अतिक्रमण भइरहेको प्रश्नहरूको जवाफ दिन सक्ने अवस्थामा कोही देखिएका छैनन् । किन बन्न सकेन जनताको चाहनाअनुसारको संविधान ? यस प्रश्नको जवाफ खोज्ने क्रम जारी छ। संविधान अतिक्रमणको आरोप लागेका प्रधानमन्त्री एकपछि अर्को झुट बोलेर आफ्नो गल्ति लुकाउन तल्लिन छन् । उनका वरपर रहेका सरकारी मान्छे त्यही झुटको दाउमा व्रम्हलुट मच्चाउने धेयमा छन्। के सत्तामा पुग्दा गल्ति गर्नेले भ्रमको भारी मात्र नागरिक तहसम्म ल्याएर बोकाउनु पर्ने हो ? नागरिकको भरोसा र विश्वासको औचित्य छैन त ? निरन्तर नागरिकको खोजी छ सरकार, उत्तर दिने कहिले हो ?

## कामचलाउ प्रधानमन्त्रीले मात्रै

# धारा ७६ (७) प्रयोग गर्न पाउँछ



–अमित ढकाल

सवीच्च अदालतका सबै श्रीमानहरूलाई नमन ।

सवीच्च अदालतमा संसद विघटनसम्बन्धी मुद्दाको बहसमा आमनेपालीको पनि पहुँच भएको छ । अदालत र नेपाल बार एसोसिएसनमा राखिएका टिभी स्क्रिनमा इजलासका बहस प्रत्यक्ष प्रसारण भइरहेको छ । सञ्चारगृहका कैयन जोदाह पत्रकारले बहस सुनेर, मुख्य अंश उतारेर पाठकसामु पुर्‍याएका छन् ।

आमनागरिकले, कुन(कुन वकिलले के बहस गरे, को(को श्रीमानले के(के प्रश्न सोधे, आफूले पाँच वर्षका लागि चुनेको संसद किन विघटन भएछ, विघटन संवैधानिक वा असंवैधानिक भन्नेमा के( के तर्क रहेछन् भनेर सुन्ने, पढ्ने र बुझ्ने मौका पाएका छन् । सवीच्च अदालतले अपनाएको खुला इजलास प्रणालीका कारण यो सबै सम्भव भएको हो। । यसले न्यायालय र आमनागरिकलाई जोडेको छ। खुला र पारदर्शी बहसले लोकतान्त्रिक मुलुक हुनुको अर्थ सम्झाएको छ ।

इजलासका सवाल जवाफ मिडियामार्फत चिया पसलदेखि भान्छाघरसम्म प्रतिध्वनित भएका छन् । ती सवाल(जवाफमा मानिसहरूले आ(आफ्ना प्रश्न र उत्तर थपेका छन् अनि आफैं बहसमा उत्रिएका छन् । मुलुकले संसद विघटनको सवालमा आफैंसँग संवाद गर्न थालेको छ

एउटा नागरिक र पत्रकारका रूपमा अदालतमा भइरहेका बहस मैले पनि अभिरूचिका साथ हेरिरहेको छु। मेरो ध्यान भने सबभन्दा धेरै इजलासबाट सोधिएका प्रश्नले तानेका छन् । इजलासबाट अहिलेसम्म मुख्य रूपमा प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाले प्रश्न सोधेका छन् ।

उनले पछिल्ला पटक सोधेका तीन प्रश्न महत्वपूर्ण छन ।

१। बहुमतको सरकारले धारा ७६ (७) अनुसार संसद विघटन गर्न किन पाउँदैन ?

२। विगतमा सवीच्च अदालतले २०४७ सालको संविधानको धारा ५३ (४) धेरैपटक व्याख्या गरेको छ । हामीले धारा ७६ (७) लाई पनि व्याख्या गर्न नहुने हो र ?

३। बहुमत प्राप्त सरकारले म सरकार चलाउँदिनँ भनेर निर्वाचनका लागि जनतामा जान किन नपाउने ?

बहस पहिलो प्रश्नबाट सुरू गरौं– बहुमतको सरकारले धारा ७६ (७) अनुसार संसद विघटन गर्न किन नपाउने ?

धारा ७६ (७) गहिरोसँग हेरौं । यसमा लेखिएको छ, "उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसके वा प्रधानमन्त्री नियुक्त हुन नसके, प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नेछन् ।"

यो धारालाई दुई भागमा विभाजन गरेर हेरौं ।

पहिलो भाग, "उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा" यसको अर्थ हो, धारा १, २ वा ३ अनुसार पनि सरकार बन्न सकेन । त्यसपछि राष्ट्रपतिद्वारा धारा (५) अनुसार कुनै सांसदलाई प्रधानमन्त्री नियुक्त गरियो । तर उसले पनि विश्वासको मत प्राप्त गर्न सकेन भने त्यो प्रधानमन्त्रीले धारा ७ बमोजिम संसद विघटन सिफारिस गर्न सक्ने भयो । यहाँ एउटा कुरा मनन गर्नुपर्छ, यसरी विघटन सिफारिस गर्ने प्रधानमन्त्री संसदको विश्वास प्राप्त वा संसदले निर्वाचित गरेको प्रधानमन्त्री होइन । राष्ट्रपतिले नियुक्त गरेको तर संसदले विश्वास नगरेको प्रधानमन्त्री हो ।

अब धारा ७६ (५) को बाँकी भाग हेरौं, "'वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा, प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी ६ महिनाभित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्नेछन् ।" "वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा" यो वाक्यांशको अर्थ के हो ? यसको अर्थ हो, त्यो बेला मुलुकमा जो प्रधानमन्त्री छ, ऊ निर्वाचित प्रधानमन्त्री होइन । निर्वाचित प्रधानमन्त्री भएको भए त अर्को प्रधानमन्त्री नियुक्त गर्ने सवालै आउँदैन थियो । निर्वाचित प्रधानमन्त्री पनि छैन र नयाँ पनि नियुक्त हुन सकेन भने अब कामचलाउ प्रधानमन्त्रीले संसद विघटन र निर्वाचन सिफारिस गर्छ । ताकि नयाँ संसद आओस् र उसले मुलुकलाई नयाँ प्रधानमन्त्री दिन सकोस् ।

श्रीमान, कुरा प्रष्ट छ, धारा ७६ (७) प्रयोग गरेर संसद विघटन गर्ने प्रधानमन्त्री, निर्वाचित वा संसदको विश्वास प्राप्त प्रधानमन्त्री होइन । हुनै सक्दैन । त्यो कस्तो प्रधानमन्त्री हो त ?

तीन अवस्थाको प्रधानमन्त्री हुन सक्छ ।

पहिलो, संसदको चुनाव गराएको कामचलाउ प्रधानमन्त्री । नयाँ बनेको संसदले कसैगरी नयाँ प्रधानमन्त्री दिन सकेन र फेरि नयाँ संसदको चुनावमा जानुपर्ने भयो । त्यो बेला संसद विघटन गर्ने कामचलाउ प्रधानमन्त्री ।

दोस्रो, निर्वाचित प्रधानमन्त्रीले राजीनामा दियो तर संसदले कसैगरी नयाँ प्रधानमन्त्री निर्वाचित गर्न सकेन ।

तेस्रो, संसदले अविश्वासको प्रस्तावबाट हटाएको वा संसदमा विश्वासको मत प्राप्त गर्न असफल प्रधानमन्त्री । त्यसपछि पनि संसदले नयाँ प्रधानमन्त्री नियुक्त गर्न सकेन र संसदको चुनाव सिफारिस गर्ने कामचलाउ प्रधानमन्त्री । अर्थात, ७६ (७) सक्रिय हुने भनेकै एउटा प्रधानमन्त्री कामचलाउ भइसकेको तर जति गर्दा पनि संसदले नयाँ प्रधानमन्त्री नियुक्त गर्न नसकेको अवस्थामा मात्र हो । निर्वाचित प्रधानमन्त्री कायम रहेका बेला त्यो प्रधानमन्त्रीले उपधारा (७) अनुसार संसद विघटन सिफारिस गर्न पाउँदैन । कतिपयले प्रश्न गर्छन, यो कस्तो संविधान हो जसले संसदको विश्वास प्राप्त प्रधानमन्त्रीलाई संसद विघटनको अधिकार दिएको छैन तर विश्वास जित्न नसक्नेले भने विघटन सिफारिस गर्न पाउँछ ? यहाँ पनि कुरा प्रष्ट छ । संविधानको धारा ७६ संसद विघटन गर्ने प्रयोजनका लागि होइन, सरकार गठन गर्ने प्रयोजनका लागि लेखिएको धारा हो । यसको शीर्षक नै "मन्त्रिपरिषदको गठन" लेखिएको छ ।

त्यसैले एउटा सरकार वा प्रधानमन्त्री कायमै रहेका बेला फेरि सरकार बन्ने धारा ७६ सक्रिय हुन सक्दैन । प्रधानमन्त्रीले राजीनामा दिएपछि मात्रै अर्को प्रधानमन्त्री चुन्न यो धारा सक्रिय हुन्छ । धारा ७६ का उपधारा १, २, ३ र ५ अनुसार पनि सरकार बन्न सकेन भने मात्र कामचलाउ प्रधानमन्त्रीले बाध्यात्मक अवस्थामा उपधारा ७ प्रयोग गरेर नयाँ निर्वाचनमा जाने सिफारिस गर्छ । त्यस्तो सिफारिसको धेय पनि नयाँ संसद बनोस् र त्यसले नयाँ सरकार बनाओस् भन्ने नै हो ।

श्रीमान, प्रधानमन्त्री केपी ओलीले जुन बेला संसद विघटन गरे, उनी त्यो बेला निर्वाचित प्रधानमन्त्री हुन् कि संसदको विश्वास गुमाएका कामचलाउ प्रधानमन्त्री हुन् ? आफू प्रधानमन्त्री कायम हुँदाहुँदै अर्को प्रधानमन्त्री निर्वाचित गर्ने धारा ७६ उनले कसरी प्रयोग गर्न पाउँछन् ?

अब दोस्रो प्रश्न हेरौं, विगतमा सवीच्च अदालतले २०४७ सालको संविधानको धारा ५३ (४) धेरैपटक व्याख्या गरेको छ । हामीले धारा ७६ (७) लाई पनि व्याख्या गर्न नहुने हो र ?

श्रीमान, संविधानको व्याख्या गर्ने नै सवीच्चले हो । संविधानलाई जीवन्त र क्रियाशील बनाउन पनि संविधानको यस्तो व्याख्या पटकपटक आवश्यक पर्न सक्छ । सवीच्चले २०४७ सालको संविधानको धारा ५३ (४) को व्याख्या त्यही मर्मलाई समातेर गरेको हो । सुरूमा धारा ५३ (४) लाई संसद विघटन गर्ने प्रधानमन्त्रीको अकाट्य विशेषाधिकार जस्तो ठानियो । यो शर्तरहित भएकाले प्रधानमन्त्रीले जहिले पनि प्रयोग गर्न सक्छन् भन्ने मान्यता बन्यो । २०५२ सालमा तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले संसद विघटन गरेपछि सवीच्चले प्रधानमन्त्रीको त्यो विशेषाधिकार सशर्त हो भन्ने व्याख्या गर्‍यो । संसदमा अविश्वासको प्रस्ताव आइसकेपछि त्यसलाई छल्न संसद विघटन गर्न पाइन्न भनेर नजिर स्थापित गर्‍यो । सवीच्चले आफ्नो व्याख्यामा ५३ (४) को अधिकारलाई किन सशर्त बनायो भन्ने विषय महत्वपूर्ण छ ।

पहिलो, हरेक प्रधानमन्त्रीले आफूखुसी संसद विघटन गर्न थाले भने त्यसले संसदलाई प्रधानमन्त्रीको लाचार छायाजस्तो बनाउने भयो । प्रधानमन्त्रीमाथि संसदको नियन्त्रण नरहने भयो, जुन संसदीय प्रणालीको आत्मा हो । दोस्रो, संसदले पूरा कार्यकाल काम नगरी पटकपटक विघटन हुँदा मुलुकमा राजनीतिक अस्थिरता बढ्ने भयो । त्यसैले ०५२ सालमा सवीच्चले स्थिरताका पक्षमा र संसदको सवीच्चता स्थापित गर्न ५३ (४) को व्याख्या गर्‍यो ।

२०६२ । ०६३ को परिवर्तनपछि निर्वाचित संविधान सभा, सवीच्चले गरेको यो व्याख्या र स्थापना गरेको नजिरले मात्र राजनैतिक स्थिरता दिन सक्छ भन्नेमा सन्तुष्ट हुन सकेन । त्यसैले संविधान सभाले नयाँ संविधानमा २०४७ सालले प्रधानमन्त्रीलाई दिएजस्तो विशेषाधिकार दिएन । सुझबुझसाथ त्यो विशेषाधिकार हटाइयो । नयाँ संविधानले पाँच वर्षसम्म चल्ने स्थिर संसदको परिकल्पना गर् यो र सरकार दिन नसकेको अवस्थामा मात्र आफ्नो कार्यकालभन्दा अगावै संसद विघटन हुन सक्छ स्पष्ट व्यवस्था गर्‍यो ।

श्रीमान, सवीच्च अदालतले धारा ७६ (७) व्याख्या गर्न सक्छ कि सक्दैन भन्ने प्रश्नको उत्तरमाथिको यही पृष्ठभूमिको आलोकमा खोज्नु पर्छ सवीच्चले प्रधानमन्त्रीलाई संविधानले दिएको अधिकारको मात्र व्याख्या गर्न सक्छ। प्रधानमन्त्रीलाई संविधानले नदिएको वा परिकल्पना नगरेको अधिकार थपिदिन सक्दैन । २०५२ सालमा अदालतले संसदको अधिकारका पक्षमा जुन व्याख्या गरेको छ, त्यसलाई संविधान सभामार्फत लेखिएको संविधानले जसरी थप बलियो बनाएको छ, संविधानको धारा व्याख्या गर्ने नाममा संसदको त्यो सवीच्चतालाई सवीच्च अदालतले खण्डित गर्न सक्दैन । राजनीतिक स्थिरताका पक्षमा सवीच्चले २०५२ सालमा गरेको व्याख्या होस् वा संविधान सभाले अहिलेको संविधानमा गरेको अनुबन्ध, त्यसलाई सवीच्चको व्याख्याले भत्काउन सक्दैन ।

केही गरी सवीच्चले संविधानको व्याख्या नाममा संसद विघटन गर्ने अधिकार प्रधानमन्त्रीलाई थपिदियो भने मुलुकमा अस्थिरताको राजनीतिक दुष्चक्र फेरि सुरू हुनेछ । आफूलाई संसदको चुनौती आउनेबित्तिकै हरेक प्रधानमन्त्रीले संसद भंग गरिदिनेछन् । जुन अस्थिरता रोक्न सवीच्चले २०५३ सालमा संविधानको व्याख्या गरेको हो, जुन अस्थिरता अन्त्य गर्न संविधान सभाले संवैधानिक प्रबन्ध गर् यो, त्यसको उल्टो हिँड्ने काम सवीच्चले गरेको हुनेछ । त्यसले सिर्जना गर्ने स्थायी राजनीतिक अस्थिरताबाट मुलुकले पार पाउने छैन । सवीच्चले प्रष्टसँग लेखिएको धारा ७६ (७) व्याख्या गर्ने नाममा अस्थिरताको दुष्चक्रलाई प्रवेश दिने काम नगरोस् ।

अब प्रधानन्यायाधीशले सोधेको तेस्रो प्रश्न हेरौं, बहुमत प्राप्त सरकारले म सरकार चलाउँदिनँ भनेर निर्वाचनका लागि जनतामा जान किन नपाउने हो ?

माथिका दुई प्रश्नका उत्तरले नै तेस्रो प्रश्नलाई धेरै हदसम्म सम्बोधन गर्छन् । मसँग बहुमत छ, तर सरकार चलाउँदिनँ भन्ने बचकना कुनै प्रधानमन्त्रीले गर्दैन । काल्पनिक प्रश्न त जे पनि गर्न पाइयो, बहुमत भए पनि सरकार चलाउन मन नलागेर संसद भंग गरेको उदाहरण संसारमा कहीँ पनि छैन । अहिले पनि प्रधानमन्त्री केपी ओलीले मेरो बहुमत छ तर सरकार चलाउँदिनँ भनेका होइनन् । आफूलाई बहुमत सांसदले सरकारबाट हटाउने भए भन्ने डरले संसद विघटन गरेका हुन् । सरकार चलाउन मन नलाग्ने प्रधानमन्त्रीले राजीनामा दिने हो । त्यसपछि पार्टीले अर्को संसदीय दलको नेता छान्ला, संसदले अर्को प्रधानमन्त्री छान्ला । तर सरकार चलाउन मन नलागेमा बहुमतको प्रधानमन्त्रीलाई संसद विघटन गर्ने अधिकार संविधानले दिएको छैन ।

प्रधानमन्त्रीले सनकमा संसद भंग गरेका छन्। संविधानविपरित काम गरेका छन्। तर त्यसमा वैधानिकताको छाप लागिसकेको छैन। प्रधानमन्त्रीले गरेको यो प्रतिगमनलाई सवीच्चले ठप्पा लगाएपछि मात्र त्यसले पूर्णता पाउँछ, नत्र त्यो उल्टिन्छ। मुलुकमा संविधान र संसदको सवीच्चता स्थापित हुन्छ । त्यसैले मुलुकलाई दशकौंसम्म निर्दिष्ट गर्नेछ, स्थिरतातर्फ डोर्याउने छ ।

# यस्तो छ अकाल मृत्युलाई जित्ने उपाय

–मोदनाथ खनाल

कोरोना भाइरस नामक महामारीबाट अहिले विश्व मानव समाज सन्त्रस्त छ । यो सन्त्रास अस्वाभाविक पनि होइन । तर अझै गहिरिएर नियाल्ने हो भने यो महामारीबाट यति धेरै डराउनु पर्ने पनि छैन। मानव सभ्यताले सदियौंदेखि अनेकौं संकट पार गर्दै आएकोछ। संकट आइपरिसकेपछि हामी आत्तिन्छौं, भगवान पुकाछौं, कुनै अदृश्य शक्तिको भरोसा गर्छौं । त्यही भरोसाका आधारमा शान्तिको सास फेर्छौं। यथार्थमा हाम्रो अन्तिम शक्ति भरोसा हो, आस्था हो अथवा आत्मविश्वास नै हो । आफैंमाथि भरोसा गर्न सकियो भने त हामी एक सबल एवम् सम्पूर्ण मानिस बन्न सक्छौं । हामी आफ्नै अन्तर्मनलाई सबल बनाएर आत्मशक्तिको असीमित भरोसा उत्खनन् गर्नुभन्दा भ्रमबस् भौतिक शक्तिको भरोसा राख्छौं, तर भौतिक शक्तिको तागत सीमित छ । भौतिक रूपमा मानिसले असीमित शक्ति आर्जन गरेको मान्यतामा हामी थियौं, र अझै छौं । अहिले एउटा सानो जटिलतामा मानिसको भौतिक शक्ति नराम्रोसँग पछारिएको छ ।

अहिले मानव जाति जति कमजोर र निरीह अरु कुनै जाति छैन भन्ने लागिरहेको छ, तर यो कुरा पनि सत्य होइन। मानवसँग असीमित तागत छ। हामी हाम्रो भौतिक शरीरलाई नै मानिस भनिरहेका छौं। हामी स्वरूपमा अस्तित्व खोज्छौं। स्वरूप त आवरण मात्रै हो, अस्तित्व होइन। हाम्रो बाहिरी इन्द्रियले देखेको या भोगेको संसार मात्रै जगत होइन। जति हामीले देखेका र भोगेका छौं, त्यति मात्रै मानव होइन। हाम्रा शरीरमा करोडौं कोषाणुहरू छन् । चक्र तथा कुण्डलिनी हाम्रो शरीरलाई ऊर्जा एवं तन्दुरुस्ती दिने साधनहरू हुन्। यी ऊर्जाका स्रोतहरूलाई उद्दीपन गर्न सकेको खण्डमा मात्रै हाम्रो सम्पूर्ण शरीरले यथेष्ट पोषण पाउन सक्छ । आजभोलि खानपिनबाट मात्रै शरीरलाई पोषित गर्न सकिन्छ भन्ने बुझाइ छ। तर शरीरलाई खाद्य पोषणबाट मात्र होइन योग एवम् साधनाबाट असीमित ऊर्जा प्राप्त गर्न सकिन्छ । योगको माध्यमबाट सम्पूर्ण कोषाणुसम्म अक्सिजन तथा रक्तसञ्चार हुन्छ। सबै स्नायु तथा चक्रहरूलाई निर्मल बनाउँदै शरीरका मुख्य अंगहरूमा सात्विक एवम् ऊर्जाशील पोषण आपूर्ति हुन सक्छ।

विधिपूर्वक ॐ मन्त्रको अधिकाधिक जप गर्न सकेको खण्डमा हाम्रो शरीरमा पैदा हुने कम्पनजन्य तरङ्गले हरेक सेल (कोषाणु) हरूमा मसाज हुन पुग्छ। यसले कोषाणुहरूलाई रिफ्रेस गराउँछ । यस्तो प्रक्रियाबाट हाम्रो मष्तिष्कमा प्रवाहित हुने स्राव (तरल पदार्थ) मा शुद्धीकरण आउँछ । मल रहित स्रावबाट इन्डोर्फिन, डोपामिन, सेरोटोनिन एवम् अक्सिटोसिन नामक रसायनहरू प्रशस्त पैदा हुन्छन् । यस्ता रसायनहरूले हामीलाई सधैं खुसी बनाइराख्छ, तर हामी खुसी बाहिर खोजीरहेका हुन्छौं । पदार्थ जम्मा गरेर, ठूलो घर बनाएर, अत्याधुनिक गाडी किनेर तथा मदिरा, मांस जस्ता तामसी भोजन ग्रहण गरेर खुसी हुने प्रयत्न गर्छौं। घरमा बिजुलीको तार त जडान गरेको छ तर बिजुलीको आपूर्ति नै नगरी बत्ती बाल्न खोजेजस्तो भयो नि यो त ! अन्तत हामी यी सबै चिज पाएर पनि खुसी हुन सक्दैनौं । यिनै कारणहरूले समाजमा अपराध बढाएको छ । तस्करी, ठगी, हत्या, डकैती लगायतका भ्रष्टाचारलाई बढावा दिएको छ । समाज अस्तब्यस्त भएको छ । सम्वेदना, करुणा, परोपकार एवं बन्धुत्व सखाप भएको छ । ईर्ष्या,



क्रोध, प्रतिशोध, लोभ एवं तृष्णा जस्ता तामसी भाव झाँगिएको छ। जति यस्ता भावना बढ्दै जान्छन् त्यति नै मानिसको मनमा त्रास पैदा हुन्छ ।

हाम्रो मन अथवा चित्तको तीन वटा तह ( भूमी) हुन्छ । ती हुन् सत्व, रजस र तमस् । जब साधनाका माध्यमबाट हामीले शरीर र मनलाई निर्मलीकरण गर्न सकिन्छ तब हामी सधैं प्रसन्न भइरहन सक्छौं । आनन्दको भावमा पुग्छौं। त्यही आनन्दको भावले निर्भयता पैदा गर्छ। जब मन निर्मल एवं निर्दोष हुन्छ तब निर्भय पनि हुन्छ । कोही मानिस दोषी छ, कतै चोरी गरेको छ, बलात्कार गरेको छ, हत्या गरेको छ भने उसको अनुहारमा नै भयको छायाँ प्रस्तुत हुन्छ। त्यही भयले तनाव सृजना गर्छ। शंका उत्पन्न गर्छ। तनावले मस्तिष्कलाई कमजोर बनाउँछ। कमजोर भएपछि फेरी ईर्ष्या एवं प्रतिशोधले हिंसा निम्त्याउँछ ।

मनमा सधैं ईष्या एवं क्रोध तथा प्रतिशोधको भावना जाग्रत भइरह्यो भने शरीर भित्रका अंग प्रत्यङ्गहरूले नकारात्मक रसायन पैदा गर्छन् । दिमागमा खुसीबर्धक रसायन पैदा गर्नुको सट्टा निराशाबर्धक रसायन पैदा गर्छ। अनि अनेक प्रकारका मानसिक समस्या पैदा हुन्छ। डर, निराशा क्रोध एवं वितृष्णा पैदा हुन्छ । आफ्नै शरीरमा भएका सहयोगी भाइरस एवं ब्याक्टेरियाहरु पनि घातक हुन थाल्छन् । आत्मबल घट्दै जान्छ । सानु समस्या पनि असमाधेय बन्न थाल्छ । जीवन नै निरर्थक जस्तो लाग्न थाल्छ। तसर्थ हाम्रो महत्वाकांक्षा नै हाम्रो अकाल मृत्यु बन्न पुग्छ।

हाम्रो शरीर पञ्चमहाभूतबाट बनेको छ । पृथ्वी, जल, तेज (सूर्य) वायु तथा आकाश हाम्रो शरीरको श्रोत हो । तर यिनै पाँच तत्वको दोहन गरेर हामीले हाम्रै शरीरमाथि अत्याचार गरिरहेका छौं। पृथ्वी अर्थात् माटोमा अनेक खराब रासायनिक तत्व प्रयोग गरेर हाम्रो मांस एवम अस्थि तत्वलाई प्रदूषित गरिरहेका छौं । जलमा ढल मिसाएर आफ्नै शरीर भित्रको पानीलाई प्रदूषित बनाएका छौं। वायुमण्डल प्रदूषित गरेर हामी आफ्नै फोक्सो लगायत सबै कोषाणुहरूलाई रुग्ण बनाइरहेका छौं। यी सबै प्रदूषित भएपछि आकाश त यसै प्रदूषित हुने नै भयो। जुन आकाशमा हाम्रो शरीर पिण्ड रहेको छ त्यो नै मलयुक्त छ।

तसर्थ हामी महामारीबाट डराएर हुँदैन, महामारी कति हदसम्म त हाम्रै कर्मले निम्त्याएको छ । एकातिर वातावरण ध्वस्त बनाएको छौं, अर्कातिर अनेक प्रकारका जीवाणुहरु पैदा हुन र फैलन सक्ने तदनुकूल परिवेश बनाइदिएका छौं। तसर्थ यो अन्त्यहीन तृष्णाको ज्वालामा मानव जीवनलाई जलाउने रसेटो नबनाऔं । जीवनशैलीलाई सरलीकरण गर्दै प्रकृतिलाई जित्ने दम्भ त्याग्नु नै पर्छ । योग ध्यान एवम् साधनाका माध्यमबाट शरीर र मन निर्मलीकरण गर्दै कुनैपनि प्रकारको परजीवीसँग सहजै लड्न सक्ने प्रतिरोध क्षमता विकास गर्न सकेको खण्डमा हामीले सजिलै अकाल मृत्युलाई जित्न सक्छौं । निरामय जीवन बाँच्न सक्छौं ।

आध्यात्मिक बल जागृत गर्न सकेमा भौतिक शरीर पिण्डलाई निरोगी, पूर्ण प्रतिरोधी एवं सबल बनाउन सकिन्छ र सामान्य रोगव्याधि एवं परजीवीबाट बाँच्न सकिन्छ। हामी हिँड्ने डुल्ने र हामीले नै भोग गर्ने प्रकृतिमाथि अनावश्यक दोहन गर्न छाड्यौं भने हाम्रो जीवन धेरै सहज हुन्छ कथम कदाचित् असाध्य रोग सृजना भइ बाँच्नै नसक्ने हुँदा पनि मृत्युसँग नडराई सहजरुपले मृत्युवरण गर्ने सामर्थ्य प्राप्त गर्न पनि सकिन्छ ।

साहित्य खेलकुद मनोरञ्जन स्वास्थ्य

# बोल्ने पत्रकारहरु सुन्ने नेता



–चन्द्र खाकी

नेताहरु बोल्छन्, पत्रकारहरुले सुन्छन् । नेताहरुले सुनाउँछन्, पत्रकार हरुले सुनिदिन्छन् । नेताले बोलेका र सुनाएका कुराबाट मुलुकको राष्ट्रिय राजनीतिका गतिविधिहरु, त्यसका दशा र दिशाहरुबारे जानकारीहरु प्राप्त हुने गर्छन् । नेताले बोलेका, सुनाएका कुराहरु पत्रकारका लागि खबर, समाचार र विश्लेषणका विषयवस्तुहरु बन्ने गर्छन र ती प्रचार प्रसार हुन्छन् । आम प्रचलन यही हो ।

तर, कहिलेकाहीँ यस्तो अवस्थामा पनि आउँदो रहेछ, जब पत्रकारहरु बोलिरहेका र नेताहरु चाहिँ गम्भीर भएर सुनिरहेका हुन्छन् । आज त्यस्तै भयो । पत्रकारहरुले मन खोलेर बोले । नेताहरुलाई आआफ्ना कुरा सुनाए । उनीहरुले राष्ट्रिय राजनीतिमा देखापरेका कमी कमजोरी एवं विसंगतिहरुको उधिनपाधिन गरे । अनि नेताहरुले त्यसलाई गम्भीर भएर सुने । आफ्ना डायरीमा टिपोट गरे ।

यो दृश्य दरवारमार्गस्थित याक एण्ड यति होटेलभित्रको हो, जुन कार्यक्रम नेपाल कम्युनिस्ट पार्टी प्रचण्ड(माधव पक्षले सम्पादकहरुसँग अन्तरक्रिया गर्न आयोजना गरेको थियो ।

प्रधानमन्त्री केपी ओलीले संविधानलाई कुल्चिँदै प्रतिनिधिसभा भंग गरेपछि यतिखेर मुलुक तरंगित छ । राष्ट्रिय राजनीति अत्यन्तै संवेदनशील र अन्यौलपूर्ण अवस्थामा पुगेको छ । सत्तारुढ नेकपाभित्रको अन्तरसंघर्षको महाविस्फोट भएको छ । सम्भवतः अपजसको भारी बोक्नुपर्ने दोषबाट बच्न कुनै पनि पक्षले पार्टी फुटेको औपचारिक रुपमा घोषणा नगरेपनि यतिखेर व्यवहारत नेकपा विभाजित भएको छ ।

प्रधानमन्त्री ओलीको कदमबाट समग्र मुलुक यतिखेर पीडित छ । जनताको बलिदानी संघर्षले ल्याएका गणतन्त्र, संघीयता र समावेशी लोकतन्त्रमाथि कालोबादल छाएको छ । उनको स्वेच्छाचारी कदमले मुलुक मात्रै हैन, स्वयं सत्तारुढ पार्टीका, कुनै बेला ओलीलाई शीरमा राखेर बसेका उनकै सहकर्मी नेताहरु पनि पीडित छन् । पत्रकारहरुसँगको अन्तरक्रियामा नेकपा प्रचण्ड(माधव पक्षका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री माधवकुमार नेपालले त मुखै खोलेर बह पोखे, हामी नेताहरु नै प्रधानमन्त्री ओलीबाट पीडित छौं । त्यो पीडित हुने क्रम अहिलेदेखिको हैन, तत्कालीन नेकपा एमालेको नवौं महाधिवेशनमा ओली अध्यक्ष चुनिएदेखिकै हो । प्रधानमन्त्री ओलीले संविधान मिचेर तथा गणतन्त्र-लोकतन्त्र र विगतका संघर्षहरुको मर्मलाई कुल्चेर प्रतिगमनकारी कदम चलेका हुन् भन्ने कुरामा अन्तरक्रिया कार्यक्रममा उपस्थिति सबैको करिब करिब सहमति थियो ।

कार्यक्रममा पत्रकारहरुले आफ्ना विचार खरो ढंगले राखेका थिए । उनीहरुले जनताको मनमा अहिलेको संघर्ष फगत सत्ता संघर्ष रहेको, कुर्सीको लागि नेताहरुबीचको छिनाझप्टी रहेको भन्ने परेको, अहिलेको अवस्था आउनमा राजनीतिक नेताहरु सबै नै जिम्मेवार रहेको, थिति, अनुशासन र विधि पद्दतिलाई उल्लंघन गर्ने काम बारम्बार हुँदा त्यसका विरुद्ध आवाज उठाउने र हस्तक्षेप गर्ने काम नभएको, पार्टीभित्रै अनुशासन र पद्दति बसाउन नसकेको र राज्यसत्ता सञ्चालनमा पनि त्यो देखिएको, राम्रालाई हैन, हाम्रालाई चयन गर्ने प्रवृत्तिले प्रश्रय पाएको जस्ता कुराहरु निर्धक्क राखेका थिए । पत्रकारहरुले प्रष्ट भाषामा सन्देश दिए- अहिलेको संघर्षमा पत्रकारहरुले साथ दिएका छन्, यसको अर्थ नेताहरुलाई साथ दिएको अर्थमा नबुझ्नुहोला, भोलि सत्तामा पुग्दा तपाईंहरुमा देखिने प्रवृत्ति यही रह्यो भने त्यसबेला पनि पत्रकारहरुले आवाज बुलन्द गर्नेछन्, संघर्ष गर्नेछन् ।

अन्तरक्रिया कार्यक्रमको सुखद पक्ष के रह्यो भने नेताहरुको आत्मालोचना र बिषयको गाम्भीर्यता आत्मसात गरे । पत्रकारहरुले राखेका र उठाएका कुराहरुलाई नेताहरुले आत्मबोध गरे, एक हदसम्म स्वीकारे र आफूहरुले त्यसलाई सच्याउने दिशामा गम्भीर ढंगले लाग्ने बचनबद्धता पनि प्रकट गरे ।

संघर्षको कार्यक्रम गर्दा नेताहरुले बोलेका भाषामा शिष्टता र मर्यादा नभएको पक्षलाई ख्याल गर्नुपर्ने पत्रकार हरुका सुझावलाई मञ्चमा बसेका नेताहरुले स्वीकारे । आफूहरुको अन्तर्य अशिष्ट-अमर्यादित बनेर दन्तबझान गर्ने नभई कहिलेकाँही अर्की पक्षले लगाएका फत्तुरलाई प्रतिवाद गर्दा त्यस्तो भएको हुन सक्ने र त्यसलाई सच्याउने प्रतिबद्धता व्यक्त गरे ।




अन्तरक्रिया कार्यक्रममा मञ्चमा आसीन नेकपा प्रचण्ड(माधव पक्षका अध्यक्षद्वय पुष्पकमल दाहाल प्रचण्ड र माधवकुमार नेपालका प्रस्तुति यस अर्थमा पनि राम्रो थियो कि उनीहरुले पत्रकारहरुले उठाएका सवालहरुको अन्तरवस्तुलाई मनन गरे, त्यसका अन्तर्यप्रति गम्भीर बने र सबैभन्दा मुख्य कुरा आफूहरु सच्चिने, विगतमा भएका कमी कमजोरीहरुलाई हटाउने र थिति, अनुशासन र पद्दति बसाल्ने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा अध्यक्ष प्रचण्डले जटिल र कठिन परिस्थितिमा उभिएका पार्टीहरुलाई दिइएका सुझाव औषधीका रुपमा ग्रहण गरिने प्रष्ट पारेका थिए ।

अब हेर्नुपर्ने कुरा भनेको उनीहरु यो कुरामा कत्तिको प्रतिबद्ध रहन्छन् ? भोलिका दिनहरुमा त्यसलाई परिपालना गर्ने गराउने सवालमा कत्तिको गम्भीर हुन्छन् ? त्यो कुराले नै उनीहरुको सही र वस्तुवादी मूल्यांकन हुनेछ । अन्यथा, अहिले संकटको बेलामा पत्रकारहरुलाई हारगुहार गरेर मीठो बोली बोलेर फकाएको मात्र ठहरिनेछ ।




## कोभिड १९ विरुद्धको
# खोप लगाएकी नेपाली नर्स

–कल्पना पौडेल

काठमाडौं । कोभिड(१९ महामारीले एक वर्षदेखि विश्वभर आतंक मच्चाइरहेको छ । केही समययता कोभिड विरुद्धको खोप निर्माण भई अमेरिका, बेलायत, बहराइन, चीन लगायतका मुलुकमा लगाउन समेत सुरु भइसकेको छ । अमेरिकामा खोप पाउने पहिलो प्राथमिकतामा कोभिड बिरामीको उपचारमा खटिएका स्वास्थ्यकर्मी छन् । हालै मात्र फाइजरको खोप लगाएकी अमेरिकाको एरिजोनामा स्टाफ नर्सको रुपमा कार्यरत अमिता श्रेष्ठसँग कल्पना पौडेलले कुराकानी गरेकी छिन् । खोप लगाउँदाको अनुभव र कोरोना भाइरसले पारेको प्रभावबारे श्रेष्ठको अनुभव उनकै शब्दमाः–



मिडियामा कोभिड भ्याक्सिनबारे धेरै कुराहरु भइरहेका थिए। साँचो भन्नु पर्दा नयाँ खोप भएकाले सुरुमा लगाउँ कि नलगाउँ भन्ने द्विविधा त थियो। लामो अनुसन्धान पनि भएको छैन र पछि के होला भन्ने पनि लाग्यो । एक मनले अहिलेसम्म नलाए पनि संक्रमण भएको छैन भन्ने पनि रह्यो ।

बेलायततिर कोहीकोहीलाई भ्याक्सिन लगाएपछि एलर्जी देखिएको रहेछ। पछि बुझ्दा उहाँहरुलाई पहिले नै एलर्जीको समस्या रहेछ भन्ने कुरा बाहिर आयो। मलाई एलर्जी नभएकाले खासै केही हुँदैन होला भन्ने पनि लाग्यो । फेरि सोचें, हामी जस्तो स्वास्थ्यकर्मीले नै विज्ञानमा विश्वास नगरे कसले गर्छ । त्यसपछि लगाउन आँट गरें। भ्याक्सिन लगाउन श्रीमानलाई समेत साथै लिएर गएको थिएँ ।

मैले कोभिड(१९ विरुद्धको खोपको पहिलो डोज लगाएँ। म काम गर्ने अस्पतालले नै यसको व्यवस्था गरेको हो । पहिलो डोज लगाएपछि त्यही हात थोरै दुखेको थियो । दोस्रो दिन असजिलो महसुस हुने भएको थियो । थकाई लाग्ने, हल्का टाउको दुख्ने भयो। त्यो अपेक्षित नै थियो ।

बाँकी पृष्ठ ६ मा









# सवोच्चको विज्ञप्तिप्रति प्रेस संगठनको आपत्ति

काठमाण्डौं । नेपाल पत्रकार महासंघले सवोच्च अदालतबाट जारी भएको विज्ञप्तिले प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप भएको ठहर गरेको छ । महासंघको सिन्धुपाल्चोकको हेलम्बुमा बसेको केन्द्रीय समितिको पूर्ण बैठकले सवोच्च अदालतले समाचारको विषयमा निकालेको विज्ञप्तिले प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप भएको ठहर गरेको हो ।

सवोच्चका न्यायाधीशहरुले प्रधानमन्त्रीलाई भेटेको विषयमा समाचार छापेका रातोपाटी र नेपालखबरको नामै किटेर सवोच्चले शुक्रबार विज्ञप्ति जारी गरेको थियो । सो विज्ञप्तिमा सञ्चारमाध्यमलाई कानुनी कारबाही गर्ने 'चेतावनी' दिइएको थियो ।

महासंघले स्वतन्त्र प्रेसलाई धम्क्याउने कार्य जोकोही बाट भएको भएपनि बन्द गर्न आग्रह गरेको छ । यसअघि शनिबार प्रेस संगठन नेपालले पनि सवोच्चको विज्ञप्तिप्रति कडा आपत्ति



जनाउँदै स्वतन्त्र प्रेसलाई नधम्क्याउन चेतावनी दिएको थियो ।

यसैगरी प्रेस संगठनका संयोजक महेश्वर दाहालद्वारा जारी विज्ञप्तिमा माघ २ मा सवोच्चबाट जारी भएको विज्ञप्तिमा आचारसंहिता र कानुनको हवाला दिँदै सञ्चार माध्यम र सञ्चारकर्मीहरु विरुद्ध धम्कीपूर्ण भाषा प्रयोग गरिएको ठहर गरिएको छ ।

'न्यायको सवोच्च थलो जनताको आस्था र विश्वासको केन्द्र सम्मानित सवोच्च अदालतबाट त्यस प्रकारको भाषा शैली सहित सञ्चारमाध्यमहरुको नामै किटेर धम्कीपूर्ण भाषा प्रयोग गरिनु खेदजनक छ', विज्ञप्तिमा भनिएको छ, 'हामीले गरिमामय न्यायपालिकाको स्वच्छता र विश्वसनीयताप्रति गहिरो भरोसा राख्दै आएका छौं । तर प्रेस तथा अभिव्यक्ति स्वातन्त्रतामाथि अंकुश लगाउने गरी 'कानुनी कारबाही'को धम्कीसहित जारी विज्ञप्तिले हामी सशंकित बनेका छौं ।'

जनताद्वारा निर्वाचित प्रतिनिधिहरूको सवोच्च थलो संविधानसभाबाट बनेको संविधानमाथि प्रहार गर्दै ५ पुसमा सरकारले चालेको असंवैधानिक कदमपछि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि गम्भीर प्रहार हुने आंशका पैदा भइरहेको पनि विज्ञप्तिमा उल्लेख गरिएको छ ।

## अनलाइन संचारमाध्यम
# नवीकरण गर्ने ब्यवस्था खारेजीको सबीच्चमा रिट



काठमाडौं । अनलाइन संचारमाध्यम हरेक बर्ष नवीकरण गर्नु पर्ने प्रावधानको विरुद्ध सवीच्च अदालतमा रिट दर्ता भएको छ । पत्रकार तथा अधिवक्ताद्वय लीलानाथ घिमिरे र बिष्णु गिरी निश्चलले सोमबार सबीच्चमा रिट दायर गरेका हुन् । उक्त रिटको पेशी बुधबार तोकिएको छ ।

मानव अधिकार, समानता, सीमान्तकृत वर्ग एवम् क्षेत्रका नागरिकहरूको हक अधिकार संरक्षणका साथै अन्य सार्वजनिक सरोकारका विषयहरूमा सामाजिक तथा कानुनी क्षेत्रमा वकालत गर्दै आइरहेका अधिवक्ताद्वयले नेपालको संविधान तथा संचारसम्बन्धी कानुनले पत्रपत्रिकाको दर्ता कहिल्यै खारेज नहुने व्यवस्था गरेको अबस्थामा सूचना तथा प्रसारण विभागले दर्ता गरेर संचालन अनुमति दिएका अनलाइन पत्रपत्रिकालाई भने हरेक बर्ष आर्थिक बर्ष सकिएपछि नवीकरण गर्नै पर्ने बाद्यकारी ब्यवस्था गरेर संविधानसँग बाझिने ब्यवस्था गरिएकाले उक्त प्रावधान खारेजीको माग रिटमा गरिएको छ ।

अनलाइन सञ्चारमाध्यम सञ्चालन (पहिलो संशोधन) निर्देशिकाँ२०७४ मा अनलाइन संचारमाध्यम दर्ता भएपछि नवीकरण गर्नु पर्ने ब्यवस्था गरिएको छ । एक पटक दर्ता भइसकेका अनलाइन समयमा नवीकरण नगरे सूचना तथा प्रसारण विभागले दर्ता खारेज गर्ने गरेको छ । उक्त निर्देशिकाको दफा ६ ९१० मा दर्ता भएका अनलाइन सञ्चारमाध्यमले प्रत्येक वर्षको असार मसान्तभित्र विभागमा नवीकरण गराउनु पर्नेछ, भन्ने ब्यवस्था छ । त्यस्तै उपदफा २ मा उपदफा (१) बमोजिम नवीकरण गराउँदा विभागले तोकेको ढाँचामा अघिल्लो आर्थिक वर्षको कर चुक्ताको प्रमाणपत्र तथा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ । म्यादभित्र नवीकरण नगराउने अनलाइन सञ्चारमाध्यमको सेवा प्रचलित कानून बमोजिम रोक लगाउन सकिने ब्यवस्था छ । उक्त निर्देशिका सूचना तथा प्रसारण सम्बन्धि कुनै पनि ऐन नियमसँग सम्बन्धित छैन । सरकारले अरु नै कामलाई नियमित गर्न ल्याएको सुशासन (व्यावस्थापन तथा सञ्चालन) ऐनेँ२०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी अनलाइन संचारमाध्यमलाई अंकुश लगाउने गरी यो निर्देशिका जारी गरेको हो ।

नेपालको संविधान २०७२ ले समेत प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरेको छ । संविधानको धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, धारा १९, धारा २७ ले सूचनाको हक प्रदान गरेको छ । यस्तै धारा १९ (२) मा भनिएको छ, कुनै श्रब्य, श्रब्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापे बापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत गरिने छैन । यसरी पूर्ण प्रेस स्वतन्त्रतालाई संविधानले प्रत्याभूत गरेको अबस्था छ ।

त्यस्तै छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन २०४८ ले को दफा ७ (१) मा सार्वजनिक रूपमा बिक्री वितरण हुने पत्रपत्रिका नेपालभित्र प्रकाशित गर्न चाहने व्यक्तिले पत्रपत्रिकको नाम, किसिम, भाषा, आकार, पृष्ठ संख्या, छापिने संख्या र प्रकाशित हुने स्थान समेत खुलाई पत्रपत्रिका दर्ता गर्नको लागि तोकिए बमोजिमको दस्तुर सहित तोकिएको ढाँचामा स्थानीय अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ भन्ने ब्यवस्था गरेको छ । यस्तै सोही ऐनको उपदफा ३ मा प्रेस रजिष्ट्रारले सो पत्रपत्रिकाको नामसित मिल्ने गरी अन्य कुनै पत्रपत्रिका कुनै स्थानीय अधिकारीको कर्यालयमा दर्ता भएको छ छैन हेरी सो नामसित मिल्ने गरी दर्ता भएको रहेनछ भने त्यस्तो प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिने गरी प्रेस रजिष्ट्रारले स्वीकृति दिनेछ, भन्ने ब्यवस्था गरेकको छ । यसरी एक पटक दर्ता भएको पत्रिका कहिल्यै दर्ता खारेज नहुने गरी कानुनले संरक्षण गरेको अबस्था छ ।

नेपालको संविधान एवम नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूले हरेक व्यक्तिलाई अभिब्यक्ति तथा प्रकाशन स्वतन्त्रताको हकको ग्यारेन्टी गरेको छ । यस्तो बेला अध्याधुनिक संचार माध्यमका रुपमा उदाएको अनलाइन पत्रपत्रिकालाई नवीकरण गर्नु पर्ने बाद्यकारी ब्यवस्था संविधान प्रदत्त अभिब्यक्ति तथा प्रकाशन स्वतन्त्रतालाई अंकुश लगाउन खोजेको प्रस्ट देखिने रिट निवेदक अधिवक्ता घिमिरे बताउँछन् ।

अर्का रिट निवेदक अधिवक्ता विष्णु गिरी निश्चल संविधानले प्रदान गरेको अधिकारलाई कुनन बनाएर ब्यबस्थित गर्न सकिने बताउँछन् । तर कानुनमै नभएको कुरा निर्देशिका जारी गरेर अंकुश लगाउन पाइँदैन । यसरी अंकुश लगाउनु संविधान प्रदत्त अधिकारको विरुद्ध भएको उनी बताउँछन् । यसरी एकै प्रकारको संचारमाध्यम पत्रपत्रिका र अनलाइन संचारमाध्यमलाई विभेद गर्ने गरी बनाइएको निर्देशिका संविधानसँग बाझिएकाले स्वत खारेजभागी भएकको उनको भनाइ छ ।

रिट निवेदनमासबै अनलाइन संचारमाध्यमहरुलाई नियन्त्रण गर्ने गरी हरेक आर्थिक बर्ष सकिएपछि नवीकरण गर्नु पर्ने गरी जारी गरिएको निर्देशिका खारेज गरी संविधानको धारा १७ ले प्रदान गरेको स्वतन्त्रताको हक, धारा १८ ले प्रदान गरेको समानताको हक, धारा १९ले प्रदान गरेको संचारको हक र धारा २७ ले सूचनाको हक कुण्ठित हुने गरी सरकारले जारी गरेको अनलाइन सञ्चारमाध्यम सञ्चालन (पहिलो संशोधन) निर्देशिकाँ२०७४ को नवीकरण गर्नु पर्ने दफा खारेज गर्ने आदेश जारी गर्न माग गरिएको छ । अनलाइन संचारमाध्यमहरु एक पटक दर्ता भएपछि नवीकरण गर्नु नपर्ने लगायतको ब्यवस्था गर्ने गरी कानुन बनाउन विपक्षीहरूको नाउँमा उत्प्रेषण, परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गर्न पनि रिटमा माग गरिएको छ ।

# एउटै गाउँमा ५ करोडको सुन्तला

सल्यान । सुन्तला गाउँको रूपमा चिनिएको सल्यान जिल्लाको बागचौर नगरपालिक ८ र ९ का किसानले वार्षिक पाँच करोड रुपैयाँ बराबर को सुन्तला उत्पादन गर्दै आइरहेका छन् । गत वर्षको तुलनामा भने यस वर्ष सुन्तला उत्पादन कम भएको किसानहरूले बताएका छन् । दाना लाग्ने समयमा वर्षा भएका कारण सुन्तला उत्पादनमा गिरावट आएको हो ।



कोरोना भाइरस रोगका कारण व्यापारीहरू बगानमा आउन हिच्किचाएको बागचौर नगरपालिका ९ का किसान अंगेश्वर डाँगीले बताए । विगत २८ वर्षदेखि व्यावसायिक सुन्तला खेती गर्दै आइरहेका डाँगीले कोटमौला एउटा गाउँमा मात्र वार्षिक ५ करोड रुपैयाँभन्दा बढीको सुन्तला उत्पादन हुने बताए । कोटमौलाका पाँच सय किसानहरूले सुन्तला खेती गरिरहेका छन् ।

सुन्तला बिक्रीबाट वार्षिक ५ लाखदेखि ३० लाख रुपैयाँसम्म कमाउने गरेको रेशम डाँगीले बताए । ३५ रोपनी क्षेत्रफलमा करिब पाँच सय बोट लगाएका रेशमले गत वर्ष मात्र ९ लाख रुपैयाँ आम्दानी गरेका थिए । यो वर्ष भने कोरोना कहर र उत्पादन नै कम भएकाले आम्दानी केही घट्ने बताए ।

यस्तै, गत वर्ष ३४ लाख सुन्तला बिक्री गरेको भरतनाथ योगीले यो वर्ष भने उत्पादनमा कमी आउने बताए । व्यापारीहरू अहिलेसम्म नआएको र सुन्तलाको आकार पनि सानो भएकाले गर्त वर्षको तुलनामा कमी आउने उनले आंकलन गरेका छन् । सल्यानमा १ हजार ५ सय २० हेक्टर क्षेत्रफलमा सुन्तला खेती हुँदै आइरहेको कृषि विकास कार्यालय सल्यानले जनाएको छ । हाल ९ सय ८० हेक्टरमा सुन्तला उत्पादन भइरहेको कार्यालयका सूचना अधिकारी रेशमकुमार बस्नेतले बताए ।

# ज्यान मार्ने उद्योग मुद्दाका फरार कैदी पक्राउ



– **सन्दर्भ समाचारदाता**

भद्रपुर । ज्यान मार्ने उद्योग मुद्धाका एक फरार प्रतिवादी मुद्धा फैसला भएको ६ वर्षपछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा दमक नगरपालिका ४ बस्ने ३७ वर्षिय प्रेम वाग्ले रहेका छन् । उनलाई जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय दमकको संयुक्त टोलीले घरैबाट पक्राउ गरेको हो । वाग्लेलाई झापा जिल्ला अदालतले ज्यान मार्ने उद्योग मुद्धामा २०७१ बैशाख ३० गते ६ वर्षको कैद सजाय सुनाएको थियो । घटना भएको मितिबाटै फरार रहेका उनलाई पक्राउ गर्न सफल भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक राकेश थापाले बताए ।

## सशस्त्र प्रहरी बल नेपालद्धारा
# खाद्यान्न तथा न्यानो कपडा बितरण

– **सन्दर्भ समाचारदाता**

भद्रपुर । झापाको अर्जुनधारा नगरपालिका ६ स्थित अपाङ्ग बाल शिक्षा सरोकार केन्द्र कप्तानबारीमा रहेका १० जना अपाङ्ग बाल( बालिका हरुलाई २० औँ सशस्त्र प्रहरी दिवशको अवसरमा नं २ गण हेडक्वाटर झापाका गणपति सशस्त्र



प्रहरी उपरीक्षक रमेश कुमार पाण्डेले १ महिनाको लागी पुग्ने चामल , दाल, मुरही, साबुन र नेपाल रेडक्रस सोसाइटीको समन्वयमा ब्लाङ्केट १० थान बितरण गर्नु भएको सूचना अधिकृत सशस्त्र प्रहरी उपरीक्षक प्रेमबहादुर भण्डारी बताएका छन् ।

**अर्थोडक्स**...

अपरेटिभ टु को-अपरेटिभ/सहकारीबाट सहकारी) अभियानले आन्तरिक बजार विस्तार थालेको दाहालले बताए ।ँएक जिल्लाको सहकारीले अकी जिल्लाको सहकारीसँग साझेदारी गर्नुपर्ने नीति छ, दाहालले भने,ँयसले बजार विस्तार गर्न सक्छ । त्यसो त बाह्य बजारमा नेपाली चिया पुर्‍याएवापत सरकारले छुट दिने गरेको छ । छुट भएकाले पनि बिक्रेताको आँखा नेपाली बजार नपरेको हो । पूर्वी पहाडी जिल्लाको अथीडक्स राजधानी काठमाडौँ समेत नपुग्ने गरेको देखिन्छ । चिया भन्नेबित्तिकै सिटिसी बुझिने र गुणस्तरीय अथीडक्स गुमनाम पारिनाले नेपाली खपत घटाइँदै लगेको देखिन्छ । चिया अथीडक्स 'अर्ग्यानिकरण' भएको र 'अर्ग्यानिक' प्रयासमा रहेकाले महङ्गो पर्नाले आन्तरिक बजारमा नचिनिएको चियाका 'अर्ग्यानिक' अनुसन्धनकर्ता (इन्सपेक्टर) विशाल केसी बताउँछन् । अथीडक्स चिया पनि विभिन्न प्रकारका बनाइन्छ । अनेक स्वाद लिनका लागि अथीडक्स चियाबाट कालो टी, ग्रीन टी, यल्लो टीलगायतका प्रकार बनाइन्छ । यी चिया महङ्गो पर्ने र नेपालीले खरिद गर्न नसक्ने भएकाले अथीडक्स नचिनिएको केसीको भनाइ छ ।

अथीडक्स चियाको अर्ग्यानिकरणका लागि पनि उद्योगले महङ्गो रकम तिर्नुपर्छ । यसका साथै वार्षिक नवीकरण गर्नुपर्छ । यस्ता सबै खर्च जोड्दा अथीडक्समा लागत बढी पर्ने गर्छ तर सरकारले अथीडक्सलाई प्रमुख आवश्यकतामा राखेर नेपाली बजारमा पुर्‍याउन पहल गरे लागत कम हुने केसीको भनाइ छ ।ँपछिल्लो समय चियामा अनुसन्धानकर्ता र प्राविधिक बढिरहेका छन् । यतापट्टि सरकारको चासो हुनुपर्‍यो, केसीले भने,ँकिसान तहसम्म सरकारी अनुदान र सहुलियत ऋणका काम पुगेमा लागत घटेर जान्छ तर यस्तो हुनसकेको छैन ।

सरकारले चिया क्षेत्रलाई नहेरेकाले पछि परेको भनेर आलोचनासमेत गरिन्छ । विदेशी मुद्रा विनिमयमा महत्वपूर्ण हिस्सा ओगट्ने यो क्षेत्रलाई स्वदेशमै प्रवर्द्धन गर्दा नेपाली उपभोक्ता बढ्ने निश्चित छ । हाल नेपाली चिया ३१ देश पुग्ने गरेको छ भने १३ देशबाट चिया आपूर्ति हुने गरेको तथ्याङ्कले देखाउँछ ।

नेपाली चियालाई प्रोत्साहन गर्ने हो भने विदेशको चिया भित्र्याउनु नपर्ने देखिन्छ । यता चिया तथा कफी विकास बोर्डले भने पछिल्लो समय अथीडक्स चियाको प्रोत्साहनको काम शुरु भएको जनाएको छ । बोर्डले तत्कालै प्रदेश/प्रदेशमा 'आन्तरिक बजार प्रमोसन सेन्टर' खोल्न लागेको छ । अहिले यसका लागि कागजी काम भइरहेको छ । चिया प्रवर्द्धनका लागि बोर्डको पहिलो कार्यालय पोखरामा खोल्नेसमेत निर्णय गरिएको छ ।ँकोरोनाले अवरोध गरेकाले काम हुनसकेको छैन, तत्काल काम गर्नेछौ, चिया तथा कफी विकास बोर्डका कार्यकारी निर्देशक डा विष्णु भट्टराईले भने, ँअहिले नेपाली अथीडक्सको खपत १५ प्रतिशतमात्र नेपालमा छ । यसैले हामीले प्रमोसनका कार्यक्रम ल्याएका हौँ । सेन्टरमार्फत सातै प्रदेशबाट अथीडक्सको प्रवर्द्धन गर्दा चिया खरिदकर्ता बढ्ने बोर्डको अनुमान छ । साथै बोर्डले चीन सरकारसँग प्रत्यक्ष व्यापार गर्न सम्झौता गर्न लागेको छ । अहिले व्यक्तिगतरूपमा चिया जाँदै गरेकामा अब भने नेपाल-चीन उडानमार्फत नै चिया लानका लागि सम्झौता गर्न लागिएको हो ।ँहामीले परराष्ट्र मन्त्रालयमार्फत 'डिप्लोम्याटिक नोट' पठाइसक्यौँ, निकट भविष्यमै यो काम हुन्छ, निर्देशक डा भट्टराईले भने, ँलागत पनि घट्छ र किसानले उचित भाउ पाउँछन् ।

गएको वर्ष मात्रै रु तीन अर्ब २० करोड ३९ लाख चार हजारको एक करोड ५० लाख चार हजार ३८० किलो चिया नेपालबाट निर्यात भएको देखिन्छ । यस्तै गत वर्ष रु ११ करोड ७७ लाख ३२ हजारको तीन लाख ४३ हजार ३५३ किलो चिया आयात भएको बोर्डको तथ्याङ्कले देखाउँछ ।

**प्रजातन्त्रसित**....

माइबाप बिहीन टुहुरो बनेको छ । यो पुस्तकालय स्थापनामा झापाका दिग्गज, स्व.भैरवप्रसाद आचार्य, भाषाशास्त्री महानन्द सापकोटा, सुरजमल सरावगी, रामप्रताप मोहपाल पूर्व प्रधानपन्च तुलसी आचार्यलगायतका हस्तीहरुको बिशेष योगदान रहेको छ । शुरुमा मोहपाल धर्मशालामा यसको संचालन भएको हो । पछि रतनमल सरिया र गौरीशंकर मोहपालको सक्रियतामा शिवशंकर गुप्ताले प्रदान गर्नुभएको जग्गामा यसको भवन बनेको हो । आजभन्दा ८।१० बर्ष अघिसम्म संचालनमा रहेको पुस्तकालयको आज ज्यादै दयनीय अवस्थाबाट गुज्रीरहेको छ । स्थानीय सरकारले यसमा बिषेश चासो देखाउनु पर्ने हो । किन चासो नदेखाएको हो,बुझ्न सकिएन । यसलाइ स्थानीय सरकारले बिषेश ध्यान पुर्‍याएर यथाशिघ्र आधुनिक प्रविधियुक्त रुपमा संचालनमा ल्याओस् भन्ने आशा राख्दछु ।"

२०२५।२६ देखि भद्रपुर पुस्तकायमा लगातार चार दशकसम्म कार्यरत शफिउर रहमान भन्छन्, "बजारको वीचमा रहेको इतिहास बोकेको पुत्कालयको अहिलेको अवस्था देख्दा मन कुडिँएर आउँछ । बौधिक स्थल दिसा पिसाव गर्ने र राति अनैतिक क्रियाकलापको थलो बनेको छ ।" रहमान भन्छन्,"स्थानीय सरकार बनेको भद्रपुर नगरपालिकाको तीनबर्ष बिते पनि पुस्तकालयप्रति ठ्याम्मै चासो नदेखाउनु दुर्भाग्य नै मान्नु पर्छ ।"

रहमानका अनुसार, पुस्तकालयमा ५।६ हजारको हाराहारिमा मुल्यवान पुस्तक एवम् पत्रपत्रिका थिए र अझै हुनुपर्छ । दुइतले आफ्नै भवन छ । यनीभन्छन्, "यसलाइ आधुनिक प्रविधियुक्त थलो बनाउनु पर्ने हो नगरपालिकाले । संघीय सरकारले केही बर्ष यता एक स्थानीय तहमा एक सामुदायिक अध्ययन केन्द्र रहने नीति ल्याएको छ । त्यसअनुरूप संघीय सरकारले प्रत्येक स्थानीय तहका अध्ययन केन्द्रलाई अवस्था हेरी १ लाख रूपैयाँ भन्दा माथि अनुदान समेत दिदै आएको छ । तर भद्रपुर नगरपालिकाले, भद्रपुर पुस्तकालय हुदाँहुदै पाउने उक्त अनुदान के गरेको छ आम नागरिकलाइ थाहा दिएको छैन ।"

साथै, स्थानीय सरकारले हस्तक्षेप गरि पुस्तकालयलाई पुनर्जिवितका लागि कम्प्युटर, प्रिन्टर र इन्टरनेट जस्ता उपकरणसहितको सूचना केन्द्र, वाचनालय र पुस्तक सङ्ग्रहालय निर्माण गर्नु पर्ने स्थानीयको भनाई छ ।



